# रामनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामनगर, सर्लाही
## २०७३

पत्र संख्या (Ref. No.):-०८२-०८३
चलानी नं. (Letter No):-

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

सूचना ! सूचना !! सूचना !!!

**व्यावसायिक उखु खेती परियोजना तथा अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति :२०८२/१०/२५ गते ।

उपरोक्त सम्बन्धमा तहाँ कृषि ज्ञान केन्द्र, सर्लाहीको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु रहेको हुँदा सो कार्यक्रम संचालन गर्न ईच्छुक आवेदकहरुले मिति २०८२/११/०५ गते भित्र निवेदन साथ प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै विस्तृत सूचना यसै पत्र साथ संलग्न गरी राखिएको व्यहोरा अनुरोध छ ।

तपसिल:

| क्र.सं. | सूचना नं. | कार्यक्रमको नाम |
|---|---|---|
| १. | १२/२०८२-८३ | व्यावसायिक उखु खेति परियोजना कार्यक्रम |
| २. | १३/२०८२-८३ | अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम |

रविन्द्र प्रसाद यादव
प्रशासन शाखा प्रमुख

रविन्द्र प्रसाद यादव
प्रशासन शाखा प्रमुख

Website:- ramnagarmun.gov.np Email:-ramnagar.gaupalika@gmail.com

मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
मलंगवा, सर्लाही

फोन नं. : ०४६-५२००३०
Email : sarlahiakc@gmail.com
Website : sarlahi.akc.gov.np

सूचना सूचना सूचना

सूचना नं. १२/२०८२-८३

## व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१०/२०

यस कृषि ज्ञान केन्द्र, सर्लाहीको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यावसायिक उखु खेती परियोजना कार्यक्रम रहेको हुँदा सो कार्यक्रम संचालन गर्न ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/११/०५) भित्र परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सम्लग्न राखी निवेदन साथ प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु:**

१. कार्यालयले निर्दिष्ट गरेको ढाँचामा पुर्ण रुपले भरिएको निवेदन साथ प्रस्तावना ।

२. कृषकको हकमा निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

३. कृषक समुह/कृषि सहकारी/फर्मको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी तथा नवीकरण, आ. व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी, स्थायी लेखा प्रमाणपत्र को प्रतिलिपी ।

४. कृषक समुह/कृषि सहकारीको कार्यक्रम संचालन सम्बन्धि संस्थाको निर्णयको प्रतिलिपी, अख्तियारी पत्र तथा संचालक समितिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

५. कृषकको हकमा कम्तिमा १० कठ्ठा उखु खेति गरिरहेको लालपुर्जाको प्रतिलिपी पेश गर्नु पर्ने ।

६. कृषक समुह/सहकारीको हकमा कम्तीमा १५ (पन्ध्र) बिघा क्षेत्रफलमा खेति गरेको हुनु पर्ने र सो को स्पष्ट देखिने लालपुर्जाको प्रतिलिपी, जग्गा धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने।

७. जग्गा लिजमा लिएको अवस्थामा जग्गा धनी प्रमाणपत्र (लालपुर्जा) को प्रतिलिपी, जग्गाको कम्तीमा ५ वर्षको करारनामा पत्र तथा जग्गाधनीको नागरिकताको प्रतिलिपी ।

८. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल र संलग्न कृषकहरुकको जग्गाधनी पुर्जाको प्रतिलिपी तथा मालपोत तिरेको रसिद ।

९. उखु खेती गर्ने किसान भनि सम्बन्धित स्थानिय तहको सिफारिस।

१०. समान प्रकृतिको कार्यको लागि अन्य निकायबाट अनुदान नलिएको स्वघोषणापत्र ।

११. उखु कृषक हो भनी प्रमाणित हुने आवश्यक कागजातहरु तथा औचित्य र आवश्यकता सम्बन्धि अवधारणा पत्र।

१२. प्रस्तावित कार्यक्रम संग सम्बन्धित अन्य आवश्यक कागजातहरु समेत पेश गर्नु पर्ने छ ।

१३. अख्तियारी पत्र तथा अख्तियार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति ।

१४. कस्टम हायरिङ सेन्टर सम्बन्धि कार्यक्रम माग गर्दा सम्बन्धित ईन्जिनियर द्वारा तयार गरीएको लागत ईस्टिमेट ।

**सञ्चालन गर्न सकिने क्रियाकलाप/विषयगत क्षेत्रहरु:**

१. सरोकारवालाहरुलाई अभिमुखीकरण: कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा लाभग्राहीहरु तथा अन्य सरोकारवालाहरुलाई कार्यक्रम संचालन बारे विस्तृत रुपमा जानकारी गराउन अभिमुखीकरण कार्यक्रम ।

२. सिचाई प्रणाली: स्यालो ट्युबवेल/ विधुतिय मोटर/ईनार जस्ता साना सिंचाई कार्यक्रम

३. यान्त्रिकरण: क) उखु खेतिमा यान्त्रिकरण प्रवर्द्धनका लाग सहकारी संस्था संगको सहकार्यमा कष्टम हायरिङ्ग सेन्टर स्थापना एवं संञ्चालन।

ख) कृषकहरुको हकमा बीउ/सेट्स काट्ने, खनजोत गर्ने, रोप्ने, गोडमेल गर्ने स्वचालित यन्त्र (मिनि टिलर, पावर टिलर), पावर स्प्रेयर, खुट्टि व्यवस्थापन गर्न आवश्यक मेसिनरीहरु, जस्तै एम. बी. पलाउ, ट्रेन्ज रिजर, बर्ड चिपर, बर्ड कटर, केन प्लान्टर, मेसिनहरुमा सहयोग ।

४. घुसुवा बाली प्रवर्द्धन: उखु खेतीमा घुसुवा बाली प्रवर्द्धनको लागि घुसुवा बाली प्रदर्शनी कार्यक्रम कम्तिमा १० कठ्ठामा सञ्चालन गर्नु पर्ने, जसको लागि चाहिने बिउ, मल लगायत अन्य उत्पादन सामाग्रीमा सहयोग।

५. क्षमता अभिबृद्धि: उखु खेतिमा संलग्न कृषकहरुको प्रविधिक क्षमता अभिबृद्धिका लागि उत्पादन देखि बजारिकरण सम्मका विषयमा तालिम तथा अध्ययन तथा अवलोकन भ्रमण ।

**अनुदानका शर्तहरु:**

- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट रकम र कार्यक्रम संचालन कार्यबिधि परिमार्जन/संशोधन, थप/घट भएमा सोहि अनुसार हुनेछ ।
- गत आ. व. मा अनुदान नपाएका, उन्नत प्रविधि अवलम्बन गरेका व्यावशायिक खेती गर्ने, बढी लागत सहभागिता भएका ब्यात्ती तथा संस्थालाई प्राथमिकता दिइनेछ ।
- रित नपुगेका, म्याद नाघी प्राप्त भएका, झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बखत आवेदन रद्ध हुनेछ ।
- रित नपुगेका पुर्ण रुपले फाराम नभरेको, औचित्य र आवश्यकता पहिचान नभएका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।
- यो कार्यक्रम व्यावसायिक उखु खेती परियोजना प्रविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८२ र कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन) २०७७ मा व्यवस्था भए बमोजिम हुनेछ ।
- प्रस्ताव स्वीकृत गर्ने/नगर्ने लगायत यस सूचनासँग सम्यन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ ।
- कार्यालयले थप आवश्यक कागजात माग गर्न सक्ने छ, ती आवश्यक कागजात बुझाउन नसकेमा छनौट/सम्झौता/भुक्तानी गरिने छैन।
- आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेका त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिन आवेदन पेश गर्न सकिने छ ।

*नोट: विस्तृत जानकारीको लागि कृषि ज्ञान केन्द्र सर्लाही, बागवानी विकास अधिकृत श्री सिमा कार्की (९८५४०७३५५५), बाली विकास अधिकृत श्री कबिन्द्र सिंह ठगुन्ना (९७०२६२६४८९) वा कार्यालयको फोन नं. ०४६-५२००३० मा सम्पर्क गर्न सकिने छ । साथै यस कार्यालयको वेबसाइट https://sarlahi.akc.gov.np मा हेर्न सकिनेछ ।*

सिमा कार्की
बागवानी विकास अधिकृत

कमलदेव प्रसाद कुशवाहा
प्रमुख

CamScanner

मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
मलंगवा, सर्लाही

फोन नं. : ०४६-५२००३०
Email : sarlahiakc@gmail.con
Website : sarlahi.akc.gov.np

सूचना ! सूचना !! सूचना !!!

सूचना नं. १३/२०८२-८३

# अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।१०।२०

यस कृषि ज्ञान केन्द्र, सर्लाहीको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम ( ८५ प्रतिशत अनुदान) को प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ बमोजिम सर्लाही जिल्लाका कृषक/कृषक समुह/कृषि सहकारी/संस्था/निजी कृषि फार्म तथा कृषि उद्यमीहरुलाई प्राङ्गारिक मल सहयोगका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/११/५ गते) भित्र देहायका कागजातहरु संलग्न गरी निवेदन सहित प्रस्ताव दर्ता गराउनु हुन अनुरोध छ। साथै म्याद नाघेका, पुर्ण रुपले विवरण नभरिएका वा रित नपुगेका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैनन्।

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु:**

१. कार्यालयले निर्दिष्ट गरेको ढाचामा पुर्ण रुपले भरिएको प्रस्ताव ।
२ कृषकको हकमा निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
३. जग्गा धनीको स्पष्ट देखिने लालपुर्जाको प्रतिलिपी तथा आ.व. २०८१/८२ को मालपोत तिरेको रसिदको प्रतिलिपी।
४. कृषक समुह/कृषि सहकारी संस्था/फर्म/कम्पनीहरुको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी तथा नवीकरण गरिएको प्रमाणपत्र, आ. व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर (PAN)वा मुल्य अभिबृद्धि कर(VAT) प्रमाणपत्रको प्रतिलिपी.
५. कृषक समुह/कृषि सहकारी संस्थाहरुको हकमा कार्यक्रम संचालन सम्बन्धी निर्णयको प्रमाणित प्रतिलिपी ।
६. अख्तियारी पत्र तथा अख्तियार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति ।
७. सम्बन्धित स्थानिय तह कृषि विकास शाखा वा वडा कार्यालयको सिफारिस।
८. समान प्रकृतिको कार्यको लागि अन्य कुनै निकायबाट अनुदान नलिएको स्वघोषणापत्र ।

**अनुदानका शर्तहरु:**

कार्यक्रम संचालनः

- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यबिधि परिमार्जन/संशोधन, थप/घट भएमा सोहि अनुसार हुनेछ ।
- रित नपुगेका, म्याद नाघी प्राप्त भएका, झुट्ठा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बखत आवेदन रद्द हुनेछ ।
- यो कार्यक्रम अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ र कृषि क्षेत्रमा अनुदान परिचालन कार्यबिधि २०७६, (पहिलो संशोधन) २०७७ मा व्यवस्था भए बमोजिम हुनेछ ।
- प्रस्ताव स्वीकृत गर्ने/नगर्ने लगायत यस सूचनासँग सम्बन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- कार्यालयले थप आवश्यक कागजात माग गर्न सक्ने छ, ती आवश्यक कागजात बुझाउन नसकेमा छनौट/सम्झौता/भुक्तानी गरिने छैन।
- आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेका त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिन आवेदन पेश गर्न सकिने छ ।

*नोटः विस्तृत जानकारीको लागि कृषि ज्ञान केन्द्र सर्लाही, बागवानी विकास अधिकृत श्री सिमा कार्की (९८५४०७३५५५), बाली विकास अधिकृत श्री कबिन्द्र सिंह टगुन्ना (९७०२६२६४८९) वा कार्यालयको फोन नं. ०४६-५२००३० मा सम्पर्क गर्न सकिने छ । साथै यस कार्यालयको वेवसाइट https://sarlahi.akc.gov.np मा हेर्न सकिनेछ ।*

सिमा कार्की
बागवानी विकास अधिकृत

कमलदेव प्रसाद कुशवाहा
प्रमुख

CS CamScanner